# कर्णाली प्रदेश आर्थिक ऐन, २०७९

कर्णाली प्रदेश सरकार
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत
*Website:moeap.karnali.gov.np*

# कर्णाली प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**<u>प्रस्तावना</u>**: कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजस्व प्रशासनसम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "कर्णाली प्रदेश आर्थिक ऐन, २०७९" रहेको छ।

(२) यो ऐन संवत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "घरजग्गा रजिष्ट्रेशन शुल्क" भन्नाले रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर सम्झनुपर्छ।

(ख) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ।

(घ) "सवारी साधन" भन्नाले इन्धन वा ऊर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनुपर्छ।

(ङ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ।

३. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** (१) कर्णाली प्रदेशभित्र घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क लगाइनेछ।

(२) घरजग्गा रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाको बखत स्वामित्व प्राप्त गर्ने व्यक्तिले बुझाउनुपर्नेछ।

(३) घरजग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकममध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ।

(४) घरजग्गा रजिष्ट्रेशन शुल्क घर, जग्गा वा घरजग्गा रहेको स्थानीय तहले उठाउनेछ।

(५) उपदफा (४) बमोजिम उठाएको घरजग्गा रजिष्ट्रेशन शुल्क स्थानीय विभाज्य कोषमा जम्मा गरी सो रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी चालीस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नुपर्नेछ।

(६) स्थानीय तह वा मालपोत कार्यालयले घरजग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुँजीगत लाभकर असुल गरी राजस्व खातामा जम्मा गर्नुपर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र सरकारी निकायलाई घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन गर्दा कुनै शुल्क लाग्ने छैन।

४. **सवारी साधन करः** (१) प्रदेश सरकारले सवारी साधनमा अनुसूची-२ बमोजिम सवारी साधन कर लगाई असुलउपर गर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिको सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ।

(३) सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाइसराइ गरेको स्थान, रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थानमा रहेको प्रदेशको यातायात व्यवस्था कार्यालय वा यातायात व्यवस्था सेवा कार्यालयमा कानूनबमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनुपर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सम्बन्धित स्थानीय तहले सवारी साधन कर लगाउन र उठाउन सक्नेछ।

**५.** **मनोरञ्जन करः** (१) प्रदेश सरकारले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन घर र कन्सर्ट जस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाई असुलउपर गर्नेछ।

(२) यस दफाबमोजिम सङ्कलन भएको कर रकम स्थानीय विभाज्य कोषमा राखी सो रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी चालीस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नुपर्नेछ।

(३) यस दफाबमोजिमको कर प्रशासनको जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

**६.** **विज्ञापन करः** (१) प्रदेशभित्र विज्ञापन सामग्री राखेबापत सम्बन्धित स्थानीय तहले विज्ञापन कर लगाई असुलउपर गर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "विज्ञापन सामग्री" भन्नाले होर्डिङ्ग बोर्ड, नियोन, डिजिटल डिस्प्ले, भित्ते

लेखन, तुल, खम्बा वा सवारी साधनमा राखिने सामग्री, पोष्टर तथा बेलुन जस्ता सामग्री र विद्युतीय माध्यमबाट गरिने विज्ञापन सम्झनुपर्छ।

(२) विज्ञापन सामग्री राख्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा स्थानीय तहले सर्वसाधारण जनताको अहित हुने नदेखेमा विज्ञापन कर लिई विज्ञापन सामग्री राख्न अनुमति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमति दिँदा विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, वातावरणीय स्वच्छता एवम् सौन्दर्यता, सार्वजनिक यातायातमा पर्न सक्ने असर, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता विषयमा आवश्यक शर्त तोक्न सक्नेछ।

(५) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति प्रयोग गरी राखिएका विज्ञापन सामग्रीमा विज्ञापन कर उठाउनु अघि सम्बन्धित स्थानीय तहले सो निकायको सहमति लिनुपर्नेछ।

(६) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको विज्ञापन कर छुट वा मिनाहा हुने छैन।

(७) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले राखेका विज्ञापनमा विज्ञापन कर लाग्ने छैन।

(८) यस दफा बमोजिम विज्ञापन करबाट उठेको रकम स्थानीय विभाज्य कोषमा राखी सो रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी चालीस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नुपर्नेछ।

(९) विज्ञापन कर असुलीसम्बन्धी अन्य व्यवस्था स्थानीय तहको कानूनबमोजिम हुनेछ।

७. **पर्यटन शुल्कः** प्रदेश सरकारले निर्माण गरी सञ्चालनमा रहेको पर्यापर्यटनबाट उठ्ने रकमको बीस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

८. **दहत्तर बहत्तर शुल्कः** (१) प्रचलित कानूनमा अन्य व्यवस्था गरेकोमा बाहेक प्राकृतिक स्रोतमध्ये प्रदेशले आफ्नो क्षेत्रभित्र अनुसूची-४ बमोजिम ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलन शुल्क लगाउने र असुलउपर गर्नेछ।

(२) स्थानीय तहले आफ्नो क्षेत्रभित्र ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलन गर्नु अघि प्रचलित कानूनबमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकारसमक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्राप्त भएमा प्रदेश सरकारले नेपाल सरकारको नीतिअनुसार वातावरणमा प्रतिकूल असर नपर्ने र सर्वसाधारण जनताको हित हुने देखेमा स्थानीय तहलाई त्यस्तो क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलन गर्न वा गराउन शर्तसहित स्वीकृति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त भएमा स्थानीय तहले त्यस्तो क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलन गर्न वा गराउन सक्नेछ।

(५) स्थानीय तहले ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलन र व्यवस्थापन गर्दा प्रदेश सरकारले बनाएको कार्यविधिबमोजिम गर्नुपर्नेछ।

(६) ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलनबाट उठेको शुल्क स्थानीय विभाज्य कोषमा राखी सो

रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी चालीस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नुपर्नेछ।

९. **आवेदन शुल्कः** प्रदेश सरकार र मातहतका निकायमा खुला सूचना प्रकाशन गरी जनशक्ति सेवा करारमा लिंदा अधिकृत छैटौं तहसम्म एक सय पचास रुपैयाँ र सोभन्दा माथिको तहमा तीन सय रुपैयाँ आवेदन शुल्क लिइनेछ।

१०. **दर घटाउन, बढाउन वा छुट दिन सकिनेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकताअनुसार यो ऐन र अन्य कानूनबमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क र कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ। त्यसरी दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क र कर आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष मन्त्रालयले प्रदेशसभामा पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र कर रकम असुलउपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।

११. **कर तथा शुल्क मिनाहासम्बन्धी व्यवस्थाः** (१) दुई वा दुईभन्दा बढी पक्षले आपसी सहमतिमा कृषि प्रयोजनका लागि जग्गाको चक्लाबन्दी गर्न हक हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ।

(२) सुर्ती र मदिराजन्य बाहेकका प्रदेशभित्र स्थापना तथा सञ्चालन हुने उत्पादनमूलक उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क शत प्रतिशत छुट हुनेछ।

(३) प्रदेशभित्र स्थायी ठेगाना भएका नागरिकको स्वामित्वमा रहेको अन्य प्रदेशमा दर्ता भएका सवारी साधन प्रदेशभित्र सरुवा दर्ता गर्दा त्यस्तो सरुवा दर्ता शुल्कमा पचास प्रतिशत छुट हुनेछ।

१२. **घरजग्गा रजिष्ट्रेशन शुल्कको अन्तरिम प्रशासनः** घरजग्गा रजिष्ट्रेशन शुल्क सङ्कलन गर्न स्थानीय तहमा स्रोत, साधन, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएको अवस्थामा नेपाल सरकारले तोकेको कार्यालयले यस ऐनले निर्धारण गरेबमोजिमको कर तथा शुल्क उठाई सम्बन्धित विभाज्य कोष वा सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

१३. **कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः** यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

## रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर

### क. घरजग्गा रजिष्ट्रेशन दस्तुर

| सि. नं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| १. | राजीनामा, सट्टापट्टा र सगोलनामाको लिखत | | |
| | (क) राजीनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा | ४.५% | २.२५% |
| | (ख) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अङ्कमा | २% | १% |
| | (ग) सामूहिक आवास योजनाअन्तर्गत निर्मित भवनसहितको घरजग्गाको लिखतको थैली अङ्कमा | ४% | २% |
| २. | छोडपत्र | | |
| | दर्ताफारी (संयुक्त दर्तावाला बीचको) लिखतको थैली अङ्कमा | २.५% | १% |
| ३. | हालैदेखिको बकसपत्रको लिखत | | |
| | हालैदेखिको बकसपत्रको लिखतको थैली अङ्कमा | | |
| | (क) बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाईं, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी बुहारी, काका, काकी, मामा, माइजू, भाञ्जा भाञ्जी ठूलो-बुवा, ठूली आमा (बाबुतर्फका) आमाजू, नन्द, सौता-सौता र एकै दाजुभाइको छोरा, छोरी, फुपू र भदाभदैनी बीच। | | |
| | (अ) एक लाख रुपैयाँसम्मको थैली अङ्कमा | १.५% | ०.७५% |

| सि. नं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| | (आ) एक लाख रुपैयाँभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | १.२५% |
| | (ख) अन्य बकसपत्र र दानपत्रको थैली अङ्कमा | १५% | १०% |
| | ***स्पष्टीकरण:*** सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस वा कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै दस्तुर लाग्ने छैन। | | |
| ४. | **अंशबण्डा तथा अंश भर्पाईको लिखत** | | |
| | अंशबण्डा तथा अंश भपाईको लिखतमा | | |
| | (क) तीस लाख रुपैयाँसम्मको थैली अङ्कमा | ०.२% | ०.२% |
| | (ख) तीस लाख रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्मको थैली अङ्कमा | ०.३% | ०.३% |
| | (ग) दुई करोड रुपैयाँभन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% |
| ५. | **मानो छुट्टिएको र मानो जोडिएको लिखत** | | |
| | (क) मानो छुट्टिएको प्रति लिखत | रु.१०,०००।- | रु.५,०००।- |
| | (ख) मानो जोडिएको प्रति लिखत | रु.१०,०००।- | रु.५,०००।- |
| ६. | **शेषपछिको बकसपत्रको लिखत** | | |
| | शेषपछिको बकसपत्र/अष्टलोहको प्रति लिखत | | |
| | (क) तीन पुस्ताभित्रको | रु.५,०००।- | रु.२,०००।- |
| | (ख) तीन पुस्ता बाहिरको | रु.१०,०००।- | रु.४,०००।- |
| ७. | **बन्धकीको लिखत** | | |
| | दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अङ्कमा | १% | १% |
| ८. | **धर्मपुत्र, धर्मपुत्रीको लिखत** | | |
| | (क) तीन पुस्ताभित्रको नातामा | रु.१,०००।- | रु.१,०००।- |
| | (ख) तीन पुस्ताबाहिरको नातामा | रु.५,०००।- | रु.४,०००।- |

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| ९. | **अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत** | रु.२,०००।- | रु.२,०००।- |
| १०. | **कपाली तमसुक र करारनामाको लिखत** | | |
| | दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% |
| ११. | सि.नं. ४ को अंशबण्डा तथा अंश भरपाईको लिखत घरजग्गा भएको कुनै इलाका वा जिल्लामा पारित गर्न सकिनेछ र सो बाहेकका अन्य सि.नं. १ देखि ८ सम्मका घरजग्गा रजिष्ट्रेशन दस्तुर लाग्ने लिखत अर्को इलाकामा पारित गर्न सकिने छैन। | | |

## ख. सेवा शुल्क

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| १. | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क तथा डोर दस्तुर | रु. ६,०००।- | रु.२,५००।- |
| २. | वित्तीय धितो | | |
| | नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | |
| | (क) एक लाख रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | रु.१,५००।- | रु.१,५००।- |
| | (ख) एक लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्मको थैली अङ्कमा | रु.२,०००।- | रु.२,०००।- |

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| | (ग) पाँच लाख रुपैयाँभन्दा बढी दस लाख रुपैयाँसम्मको थैली अङ्कमा | रु.३,०००।- | रु.३,०००।- |
| | (घ) दस लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्मको थैली अङ्कमा | रु.३,५००।- | रु.३,५००।- |
| | (ङ) बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्मको थैली अङ्कमा | रु.५,५००।- | रु.५,५००।- |
| | (च) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्मको थैली अङ्कमा | रु.२०,५००।- | रु.२०,५००।- |
| | (छ) एक करोड रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्मको थैली अङ्कमा | रु.३०,०००।- | रु.३०,०००।- |
| | (ज) दुई करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्मको थैली अङ्कमा | रु.६५,०००।- | रु.६५,०००।- |
| | (झ) पाँच करोड रुपैयाँभन्दा बढी जतिसुकै थैली अङ्कमा | रु.१,००,०००।- | रु.१,००,०००।- |
| ३. | **लिज** | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१ को अनुसूची-१ बमोजिमको दस्तुर लाग्नेछ। | |
| | सरकारी जग्गा लिजमा उपलब्ध गराउने | | |
| ४. | जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि प्रति पुर्जा (टिकट बाहेक) | रु.३००।- | रु.१००।- |
| ५. | दाखिल खारेज शुल्क | | |

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| | (क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ४% | २% |
| | (ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारेज गर्दा | २% | १% |
| | (ग) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिल खारेज गर्दा थैली अङ्कमा | ४% | २% |
| | (घ) बैंक वा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाममा दाखिल खारेज गर्दा प्रति मिसिल | रु. ५,०००।- | रु. २,०००।- |
| | (ङ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २% | १% |

| सि. नं. | विवरण | | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|---|
| | | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| | (अ) भूमि सुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउँदा प्रति मिसिल | | रु.३००।- | रु.२००।- |
| | (आ) अदालत वा न्यायिक निकायको फैसलाबमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | | रु.१,०००।- | रु.५००।- |
| | (च) शेषपछिको बकसपत्रको दाखिल खारेज | | | |
| | (अ) तीन पुस्ताभित्रको भए थैली अङ्कमा | | सबै क्षेत्रका लागि अंशबण्डा सरह | |
| | (आ) तीन पुस्ताबाहिरको भए थैली अङ्कमा | | सबै क्षेत्रका लागि राजीनामा सरह | |
| ६. | नामसारी | | | |
| | (क) तीन पुस्ताभित्रको नामसारी गर्दा | | रु.१,०००।- | रु.५००।- |
| | (ख) तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | | रु.३,०००।- | रु.१,५००।- |
| ७. | हाल साविक | पुनः नापजाँचपछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रु.३००।- | रु.१५०।- |
| ८. | घर कायम | श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रु.२,५००।- | रु.५००।- |
| ९. | संशोधन दस्तुर | मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (३) बमोजिम विवरण संशोधन गर्दा प्रति मिसिल | रु.२००।- | रु.१००।- |

| सि. नं. | विवरण | | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|---|
| | | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| १०. | रोक्का दस्तुर | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भए पनि) | नलाग्ने | नलाग्ने |
| | | (ख) लिखत रजिष्ट्रेशन नहुनेमा | | |
| | | (अ) एक लाख रुपैयाँसम्मको ऋण अङ्कमा | रु.३००।- | रु.२००।- |
| | | (आ) एक लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्मको ऋण अङ्कमा | रु.५००।- | रु.३००।- |
| | | (इ) पाँच लाख रुपैयाँभन्दा बढी जतिसुकै ऋण अङ्कमा | रु.७००।- | रु.५००।- |
| | | (ई) ऋण अङ्क नखुलेकोमा | रु.३,०००।- | रु.२,०००।- |

## ग. विविध

| सि.नं. | विवरण |
|---|---|
| १. | धर्मपुत्र, अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क अनिवार्य खुलाउनुपर्नेछ। |
| २. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपन्छीपालन, अलैंची खेती, जडिबुटी खेती एवम् फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |

| सि.नं. | विवरण |
|---|---|
| ३. | सामूहिक खेती योजनाअन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले एकभन्दा बढी व्यक्ति मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| ४. | सूर्ती, गुट्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा शत प्रतिशत छुट हुनेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| ५. | (क) कृषि ऋण, बिमा संस्थान, बिमा समितिबाट स्वीकृति प्राप्त बिमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाले आफ्ना बहालवाला कर्मचारीलाई सेवा शर्तबमोजिम दिने ऋण सुविधाको धितोबन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ।<br>तर सेवा शुल्क एक हजार रुपैयाँ लाग्नेछ। |
| | (ख) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्तालाई ऋण सुविधा उपलब्ध गराउने प्रयोजनका लागि धितोबन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ।<br>तर सेवा शुल्क पाँच सय रुपैयाँ लाग्नेछ। |
| ६. | (क) सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाले आफ्ना शेयर सदस्य बीच ऋण लगानी गर्दा पाँच लाख रुपैयाँसम्मको थैली अङ्कमा रोक्का दस्तुरबाहेक सेवा शुल्क छुट हुनेछ। सोभन्दा माथिको थैली अङ्कमा खण्ड ख. सेवा शुल्कको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्नेछ। |
| | (ख) बैंकिङ्ग, वित्तीय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकाय एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाले सो प्रयोजनका लागि घरजग्गा एकीकृत गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर लाग्ने छैन। |
| ७. | जनआन्दोलन पहिलो, दोश्रो र प्रदेश स्थापनाको आन्दोलनमा सहादत प्राप्त गरेका सहिदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा |

| सि.नं. | विवरण |
|---|---|
| | स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐनबमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्ण रूपमा छुट हुनेछ। |
| ८. | अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणको आधारमा निजको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐनबमोजिम लाग्ने घरजग्गा रजिष्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ। |
| ९. | (क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ।<br>तर एकल महिलाको हकमा पैंतीस प्रतिशत छुट हुनेछ। हुम्ला, जुम्ला, मुगु, कालिकोट र डोल्पा जिल्लाका सदरमुकाम बाहेकका गाउँपालिकाको हकमा पचास प्रतिशत छुट हुनेछ। |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घरजग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो लिखतमा एक सय रुपैयाँ रजिष्ट्रेशन दस्तुर लाग्नेछ। |
| | (ग) तीन सय जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरको लिखतमा पचास प्रतिशत छुट दिइनेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| १०. | भूमिहीन, मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र रोक्का दस्तुर पूर्ण रूपमा छुट हुनेछ। |
| ११. | बैंक, वित्तीय एवम् सहकारी संघ संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्दा सेवा दस्तुर असुल तथा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक, वित्तीय एवम् सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्यमध्ये जुन बढी हुन्छ सोही मूल्य कायम गर्नुपर्नेछ। |
| १२. | प्रचलित सहकारीसम्बन्धी कानूनअन्तर्गत दर्ता भएका सहकारी संस्थाले संस्थाको प्रयोजनको लागि पहाडी क्षेत्रमा दुई रोपनी, भित्री मधेशमा तीन |

| सि.नं. | विवरण |
|---|---|
| | कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालयको सिफारिसमा पूर्ण रूपमा छुट हुनेछ। तर त्यस्तो सहकारी संस्थाले रजिष्ट्रेशन दस्तुर छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन दस्तुर असुलउपर गरिनेछ। |
| १३. | खण्ड ग. विविधको सि.नं. ७, ८, ९ र १० बमोजिम छुट दिदा एकै व्यक्तिले एकभन्दा बढी आधारमा छुट पाउने अवस्था भएमा सबैभन्दा बढी कुनै एक छुट दिइनेछ। |
| १४. | एउटै कारोबारबाट पचास लाख रुपैयाँ वा सोभन्दा माथिको घर, जग्गा वा घरजग्गा खरिद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको प्रतिलिपि वा बिक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको प्रतिलिपि वा विद्युतीय माध्यमबाट रकम भुक्तानी र प्राप्तिको प्रमाण पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ। |
| १५. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिइनेछ। |
| १६. | तीनपुस्ताभित्रका छोरी वा नातिनीमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा घरजग्गा रजिष्ट्रेशन दस्तुर खण्ड क. घरजग्गा रजिष्ट्रेशन दस्तुरको सि.नं. २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| १७. | नेपाल सरकारअन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नु पर्दा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। प्रदेश सरकार वा स्थानीय तहअन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नु पर्दा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। |
| १८. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायले निःशुल्क प्राप्त गर्दा वा खरिद गरी लिंदा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। |
| १९. | वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणाली मार्फत् विप्रेषण (रेमिट्यान्स) प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो विप्रेषणबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिइनेछ। |

अनुसूची-२

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**सवारी साधन कर**

**१. निजी सवारी साधनमा देहायबमोजिम सवारी साधन कर लाग्नेछः-**

| सि.नं. | सवारीको किसिम | वार्षिक कर दर |
|---|---|---|
| १. | **कार, जिप, भ्यान र माइक्रो बस** | |
| | (क) १००० सी.सी. सम्म | रू.२०,०००।- |
| | (ख) १००१ सी.सी. देखि १५०० सी.सी. सम्म | रू.२२,०००।- |
| | (ग) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रू.२५,०००।- |
| | (घ) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रू.३४,०००।- |
| | (ङ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रू.३९,०००।- |
| | (च) २९०१ सी.सी. देखि माथि सबै | रू.५५,०००।- |
| २. | **डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर** | |
| | (क) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रू.३८,०००।- |
| | (ख) मिनीटिपर | रू.२५,०००।- |
| ३. | **थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर** | |
| | (क) थ्री ह्वीलर र टेम्पो | रू.५,०००।- |
| | (ख) ट्रेक्टर | रू.४,०००।- |
| | (ग) पावर टिलर | रू.३,०००।- |
| ४. | **मिनिट्रक वा मिनिबस** | रू.२२,०००।- |
| ५. | ट्रक वा बस | रू.३०,०००।- |
| ६. | **मोटर साइकल** | |
| | (क) १२५ सी.सी. सम्म | रु.२,५००।- |
| | (ख) १२६ सी.सी. देखि २५० सी.सी. सम्म | रु.४,०००।- |
| | (ग) २५१ सी.सी. देखि ४०० सी.सी. सम्म | रु.८,०००।- |
| | (घ) ४०० सी.सी. भन्दा माथि सबै | रु.१५,०००।- |

२. भाडामा दर्ता भएका सवारी साधनमा देहायबमोजिम सवारी साधन कर लाग्नेछः-

| सि.नं. | सवारीको किसिम | |
|---|---|---|
| १. | **कार, जिप, भ्यान र माइक्रो बस** | **वार्षिक कर दर** |
| | (क) १३०० सी.सी. सम्म | रू.८,०००।- |
| | (ख) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रू.९,०००।- |
| | (ग) २००१ सी.सी. देखि २९०० सी.सी. सम्म | रू.११,०००।- |
| | (घ) २९०१ सी.सी. देखि ४००० सी.सी. सम्म | रू.१३,०००।- |
| | (ङ) ४००० सी.सी. भन्दा माथि सबै | रू.१५,०००।- |
| २. | डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रू.१८,०००।- |
| ३. | थ्री ह्वीलर र टेम्पो | रू.४,०००।- |
| ४. | ट्रयाक्टर | रू.२,५००।- |
| ५. | पावर टिलर | रू.२,०००।- |
| ६. | मिनीट्रक वा मिनीबस | रू.१२,०००।- |
| ७. | मिनी ट्रिपर | रू.१४,०००।- |
| ८. | ट्रक वा बस | रू.१६,०००।- |

३. बाटो इजाजतपत्र दस्तुर (नवीकरण समेत)

| सि. नं. | दुरी (कि.मी.) | सवारीको वर्गीकरण र दस्तुर | |
|---|---|---|---|
| | | ठुला र मझौला बस, मिनिबस आदि | ठुला र मझौला ट्रक, मिनिट्रक आदि |
| १. | १ कि.मि. देखि ५० कि.मि. सम्म | रू.७००।- | रू.८००।- |
| २. | ५१ कि.मि. देखि १०० कि.मि. सम्म | रू.८००।- | रू.९००।- |
| ३. | १०१ कि.मि. देखि १५० कि.मि. सम्म | रू.१,०००।- | रू.१,१००।- |
| ४. | १५१ कि.मि देखि २०० कि.मि. सम्म | रू.१,१००।- | रू.१,३००।- |
| ५. | २०१ कि.मि. देखि २५० कि.मि. सम्म | रू.१,२००।- | रू.१,४००।- |

| सि. नं. | दुरी (कि.मी.) | सवारीको वर्गीकरण र दस्तुर | |
|---|---|---|---|
| | | ठुला र मझौला बस, मिनिबस आदि | ठुला र मझौला ट्रक, मिनिट्रक आदि |
| ६. | २५१ कि.मि. देखि ३०० कि.मि. सम्म | रू.१,४००।- | रू.१,५००।- |
| ७. | ३०१ कि.मि. देखि ३५० कि.मि. सम्म | रू.१,५००।- | रू.१,७००।- |
| ८. | ३५१ कि.मि. देखि ४०० कि.मि. सम्म | रू.१,६००।- | रू.१,८००।- |
| ९. | ४०१ कि.मि. देखि ४५० कि.मि. सम्म | रू.१,७००।- | रू.१,९००।- |
| १०. | ४५१ कि.मि. देखि ५०० कि.मि. सम्म | रू.२,१००।- | रू.२,३००।- |
| ११. | ५०१ कि.मि. देखि ५५० कि.मि. सम्म | रू.२,३००।- | रू.२,५००।- |
| १२. | ५५१ कि.मि. देखि ६०० कि.मि. सम्म | रू.२,५००।- | रू.२,७००।- |
| १३. | ६०१ कि.मि. देखि ६५० कि.मि सम्म | रू.२,७००।- | रू.२,९००।- |
| १४. | ६५१ कि.मि. देखि ७०० कि.मि. सम्म | रू.२,९००।- | रू.३,१००।- |
| १५. | ७०० कि.मि.भन्दा माथि | रू.३,२००।- | रू.३,३००।- |

## ४. बाटो इजाजत दस्तुर (नवीकरण समेत)

पाँच सिटभन्दा बढी चौध सिटसम्म क्षमता भएको सार्वजनिक सवारी साधनको लागि

| सि.नं. | दुरी (कि.मि.) | दस्तुर |
|---|---|---|
| १. | १ कि.मि. देखि ५० कि.मि. सम्म | रू.५००।- |
| २. | ५१ कि.मि. देखि १०० कि.मि. सम्म | रू.६००।- |
| ३. | १०१ कि.मि. देखि १५० कि.मि. सम्म | रू.७००।- |
| ४. | १५१ कि.मि. देखि २५० कि.मि. सम्म | रू.८००।- |
| ५. | २५१ कि.मि. देखि ३०० कि.मि. सम्म | रू.९००।- |

## ५. सवारी साधन दर्ता शुल्क

| सि. नं. | विवरण | निजी सवारी साधनको दर | सार्वजनिक सवारी साधनको दर |
|---|---|---|---|
| १. | बस, ट्रक | रू.२,५००।- | रू.३,५००।- |
| २. | मिनि ट्रक, मिनि बस, ट्र्याक्टर | रू.२,०००।- | रू.२,५००।- |
| ३. | कार, जिप, भ्यान, पिकअप, टेम्पो | रू.१,५००।- | रू.२,५००।- |
| ४. | मोटरसाइकल, स्कुटर | रू.५००।- | - |
| ५. | अटो टेम्पो | रू.१,०००।- | रू.१,५००।- |
| ६. | सरकारी मोटरसाइकल | रू.८००।- | - |

## ६. सवारी साधन नामसारी

| सि. नं. | विवरण | निजी सवारी साधनको दर | सार्वजनिक सवारी साधनको दर |
|---|---|---|---|
| १. | बस, ट्रक | रू.१,२००।- | रू. २,५००।- |
| २. | मिनि ट्रक, मिनि बस, टयाक्टर | रू.१,०००।- | रू. १,५००।- |
| ३. | कार, जिप, भ्यान, पिकअप, टेम्पो | रू. ८००।- | रू. १५००।- |
| ४. | मोटरसाइकल, स्कुटर | रू. ५००।- | - |

## ७. सवारी साधन दर्ता किताव (ब्लु बुक) नवीकरण शुल्क

| सि.नं. | विवरण | शुल्क |
|---|---|---|
| १. | भाडाका बस, ठुला टिप्पर | रू. १०००।- |
| २. | भाडाका मिनिबस, टिप्पर | रू. ८००।- |
| ३. | निजी बस, ठुला टिप्पर | रू. ५००।- |
| ४. | निजी बस, टिप्पर | रू. ५००।- |
| ५. | ट्र्याक्टर | रू. ८००।- |
| ६. | एम्बुलेन्स | रू. ५००।- |
| ७. | मोटरसाईकल, स्कुटर | रू. २००।- |
| ८. | निजीगाडी (जिप) (वर्ग-क/च) | रू. ५००।- |
| ९. | सरकारी/भाडा जिप (वर्ग ज/झ) | रू. ८००।- |
| १०. | पावरटेलर | रू. ३००।- |
| ११. | निजी मेशिनरी औजार (डोजर, रोलर, एक्साभेटर) | रू. ५००।- |
| १२. | भाडा टेम्पो | रू. ५००।- |
| १३. | निजी टेम्पो | रू. ५००।- |

८. दर्ता परिवर्तन दस्तुर

| सि. नं. | विवरण | निजीमा परिवर्तन गर्दा | सार्वजनिकमा परिवर्तन गर्दा |
|---|---|---|---|
| १. | ठुला सवारी बस वा ट्रक | रू.१,५००।- | रू.२,५००।- |
| २. | साना वा मझौला सवारी मिनिबस वा मिनि ट्रक वा जिप वा कार वा भ्यान | रू.८००।- | रू.१,०००।- |

९. सवारी साधनको दर्ता वा नामसारी रोक्का राख्नु पर्ने भएमा पाँच सय रुपैयाँ दस्तुर लाग्नेछ।

१०. सवारी साधन दर्ता किताब (ब्लु बुक) हराएमा वा नासिएमा प्रतिलिपि लिँदा ठुला सवारी साधन बस, ट्रक, मिनिबस, मिनि ट्रक र मेशिनरी औजारको हकमा एक हजार रुपैयाँ र अन्य सवारी साधनको हकमा पाँच सय रुपैयाँ दस्तुर लाग्नेछ।

११. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नाउँमा दर्ता भएका सवारी साधनको हकमा भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ।

१२. विद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा खण्ड १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ।

१३. सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ।

तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा त्यस्तो कर लाग्ने छैन।

१४. सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सवारी साधन चलाउन नपाएको भनी नेपाल सरकार वा प्रदेश सरकारले ठहर्‍याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन।

१५. अन्य प्रदेशमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनलाई लाग्ने सवारी साधन करमा पन्ध्र वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ।

तर त्यस्तो थप रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन।

१६. भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा पचास प्रतिशत छुट पाउनेछन्।

१७. सवारी साधन धनीले पाँच वर्षको सवारी साधन कर एकमुस्ट भुक्तानी गरेमा दस प्रतिशत सवारी साधन कर छुट हुनेछ।

१८. सार्वजनिक सङ्ग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन।

१९. खण्ड १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन।

२०. विद्युत सोलार वा ब्याट्रीबाट चल्ने सवारी साधनमा सवारी निर्माण तथा सम्भार दस्तुर पचास प्रतिशत छुट हुनेछ।

२१. बीस लाख रुपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट बिक्रेतालाई रकम भुक्तानी गर्नुपर्नेछ।

२२. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका एक सय पचास सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन।

२३. नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर बापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर बापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ।

तर त्यस्तो छुट सुविधा दश वर्षभन्दा पुराना ट्रकलाई दिइने छैन।

२४. ढुवानी कार्य सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीले सञ्चालन गर्ने दश टनभन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ।

२५. नेपाल सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको त्यस्तो कर लाग्ने छैन।

२६. सरकारी, संस्थान र पर्यटन सवारी साधनको सवारी साधन कर सार्वजनिक सवारी साधन सरह लाग्नेछ।

अनुसूची-३

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**मनोरञ्जन कर**

| सि.नं. | विवरण | मनोरञ्जन करको दर |
|---|---|---|
| १. | चलचित्र प्रदर्शन गर्दा दर्शकबाट प्रति टिकट मूल्यको, | ५% |
| २. | साँस्कृतिक प्रदर्शन, दोहोरी साँझ, डान्सबार, कन्सर्ट, नाटकघर, भिडियो घर, थिएटर, पार्क प्रति टिकट वा रसिद मूल्यको, | ५% |
| ३. | मेला, महोत्सव तथा जादु सर्कस मेला सञ्चालन गराए बापत प्रति टिकट मूल्यको, | ५% |
| ४. | ऱ्याफ्टिङ्ग, बोटिङ्ग, प्याराग्लाइडिङ्ग, रक क्लाइम्बिङ्ग, बन्जी जम्पिङ्ग, स्वीङ, जिप फ्लायर प्रति टिकट वा रसिद मूल्यको, | २% |

अनुसूची-४
(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**दहत्तर बहत्तर शुल्क**

| सि. नं. | विवरण | इकाई | दर |
|---|---|---|---|
| १. | ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा बिक्री एवम् घाटगद्दी (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यू. फिट | रू.३।- |
| २. | माटो बिक्री एवम् घाटगद्दी (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यू. फिट | रू.१।- |
| ३. | खानीजन्य उद्योगबाट निकासी हुने वस्तुमा निकासी कर मात्र लगाइनेछ। | | |
| ४. | खानीजन्य वस्तुहरूको उपयोग गरी सिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्ने उद्योगबाट उत्पादित सिमेन्टको बिक्रीमा बिक्री गर्दाकै बखत बिक्री मूल्यको (मूल्य अभिबृद्धि कर तथा अन्तःशुल्क बाहेक) शून्य दशमलव पाँच प्रतिशतका दरले प्राकृतिक स्रोत उपयोग बापत शुल्क लगाइने छ। | | |
| ५. | खानीजन्य वस्तुहरूको उपयोग गरी क्लिङ्कर उत्पादन गरी बिक्री वितरण गर्ने उद्योगबाट उत्पादित क्लिङ्करको बिक्रीमा बिक्री गर्दाकै बखत बिक्री मूल्यको (मूल्य अभिबृद्धि कर बाहेक) शून्य दशमलव पाँच प्रतिशतका दरले प्राकृतिक स्रोत उपयोग बापत शुल्क लगाइने छ। | | |